लिखुतामाकोशी गाउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

धोबी बजार, रामेछाप ।

बागमती प्रदेश, नेपाल

दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१।०१।२९

यस कार्यालयको लागि चालु आ.व.२०८०/८१ मा निम्न कार्यहरु सिलवन्दी दरभाउपत्रको माध्यमबाट गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त योग्यता पुगेका उत्पादक कम्पनी एवं सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वक खरीद तथा दर्ताका लागि यो सिलबन्दी दरभाउपत्रको सूचना आह्वान गरिएको छ ।

शर्तहरु :

1. सिलवन्दी दरभाउपत्र सम्बन्धी कागजातहरु यो सूचना प्रकाशित भएको मितिले १५ औ दिन सम्म कार्यालय समयभित्र रु.१०००।- (फिर्ता नहुने) जम्मा गरि अध्यावधिक इजाजतपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र र आ.व. २०७९/८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि निवेदन साथ संलग्न राखी यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।
2. खरिद भएको सिलवन्दी वोलपत्र प्रष्टसँग भरी उत्पादक कम्पनी एवं सप्लायसहरुले प्रत्येक पानामा सहीछाप गरी खाम बाहिर फर्मको नाम, ठेगाना, ठेक्का नं. र कामको विवरण स्पष्टसँग लेखी १६ औं दिन १२:०० वजेभित्र यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । दर्ता भएको सिलवन्दी दरभाउपत्र सोही दिन २:०० वजे उपस्थित सिलवन्दी दरभाउपत्रदाताहरु तथा प्रतिनिधिहरुको रोहवरमा यसै कार्यालयमा खोलिनेछ । सिलवन्दी दरभाउपत्रदाताहरु तथा प्रतिनिधिहरुको उपस्थित नभए पनि खोल्न बाधा पर्ने छैन।
3. सिलवन्दी दरभाउपत्रपत्र पेश गर्दा माथि उल्लेखित प्रमाणहरुको प्रतिलिपि संलग्न गरी कार्यालयवाट विक्री भएको दरभाउपत्र फारममा दररेट महलको अंक र अक्षर दुबैमा स्पष्ट हुने गरी तल उल्लेखित जमानत वापतको धरौटी रकम यस कार्यालयको कार्यालय कोड नं.८०१०३२४०७ धरौटी खाता नं. ण्ठण्ण्ज्ञण्द्धण्द्छण्ठठज्ञ(नेपाल इन्भेष्टमेन्ट मेगा बैंक) मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बैकवाट यस कार्यालयको नाममा जारी गरेको कम्तिमा ७५ दिन मान्य अबधि भएको बैक जमानीपत्र सक्कलै फाराम साथ संलग्न गरी पेश गर्नुपर्नेछ ।
4. सिलवन्दी दरभाउपत्र दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछि लगतै कार्यालय खुलेको दिन सो कार्य क्रमिक रुपमा गरिनेछ ।
5. सिलवन्दी दरभाउपत्र शर्त रहित हुनुपर्नेछ । केरमेट भएको ठाँउमा अधिकार प्राप्त व्यक्तिले सही छाप गरेको हुनुपर्नेछ । समयभित्र प्राप्त नभएको, प्रचलित कानुन बमोजिम रित नपुगेको र सूचनाका शर्त विपरित भएको सिलवन्दी दरभाउपत्रमाथि कुनै कारवाही हुनेछैन ।
6. पेश हुन आएको सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
7. यस सूचना सम्बन्धी कुनै किसिमको अन्य जानकारी चाहेमा कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ
8. यस सूचनामा उल्लेखित कुराहरु संसोधन गर्नु परेमा यस कार्यालयको सूचनापाटीमा टांस गरिनेछ ।
9. यस सूचनामा नपरेका अन्य कुराहरु प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ एवं प्रचलित ऐन नियमानुसार हुनेछ ।

निम्न

सि.नं.	ठेक्का नं.	कामको विवरण	ल.इ.रकम मु.अ.कर सहित	जमानत बापतको रकम
१.	Supply/SQ/LTRM/01/080/81	डेक्सटप कम्प्युटर खरीद २० थान	1999874.00	50000.00
		मल्टीफन्सनल प्रिन्टर खरीद २० थान		

प्रमुख प्रशासकीय अधिकृत